केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/१४/०७३/७४ मिति: २०७४/०२/१७

**"क", "ख" र "ग" वर्गका सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु**

## सूचना

नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएको "व्यवसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७३" अनुरुप ग्रामीण क्षेत्रमा स्थापना भई सञ्चालनमा रहेका सो कार्यविधिको अनुसूची-१ मा उल्लेखित कृषि तथा पशुपन्छी व्यवसायहरु मात्र सो कार्यविधि बमोजिमको ब्याज अनुदान प्राप्त गर्न योग्य रहेको र कार्यविधिमा ग्रामीण क्षेत्र भन्नाले गाउँपालिका, नगरपालिका र केन्द्रीय समन्वय समितिले तोकेका महानगरपालिका तथा उप-महानगरपालिकाभित्रका तोकिएका क्षेत्रहरु भनी परिभाषित गरेकोले हाललाई साविकको कार्यविधि बमोजिम प्रवाहित कुनै कर्जाहरु महानगरपालिका तथा उप-महानगरपालिका क्षेत्रभित्र परेको भएतापनि सो कर्जाहरुलाई निरन्तरता दिने तर अर्को व्यवस्था नभएसम्मका लागि ती क्षेत्रहरुमा प्रवाह हुने नयाँ तथा थप कर्जा कार्यविधि बमोजिम ब्याज अनुदान प्राप्तिका लागि योग्य नहुने निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

भवदीय,

(नारायण प्रसाद पौडेल)
कार्यकारी निर्देशक